# बार्षिक समिक्षा गोष्ठी २०७०।७१ को प्रतिवेदन

## पृष्ठभूमीः

स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावलीमा भएका व्यवस्था अनुसार जिल्ला विकास समितिले एक आर्थिक वर्षमा संचालन गरेका योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगती समिक्षा गर्नु पर्ने हुन्छ । जिल्ला विकास समिति नवलपरासीले आर्थिक वर्ष २०७०/७१ मा संपन्न गरेका योजना तथा कार्यक्रमहरु, यस जिल्लाका विभिन्न गाविसहरुवाट सञ्चालित कार्यक्रम, विभिन्न विषयगत कार्यालयहरुका कार्यक्रमहरुका साथै जिल्लामा कार्यक्रम गरिरहेका गैर सरकारी संस्थाहरुको कार्यक्रमहरुको वार्षिक प्रगती समिक्षा कार्यक्रम जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री रामुराज कडरियाको अध्यक्षता तथा माननीय सभासद श्री विक्रम खनालको प्रमुख अतिथ्यतामा मिति २०७१/४/२७ गतेका दिन उद्योग वाणिज्य संघको सभाहलमा शुरुभएकोमा श्रावण २९ गते संपन्न भयो । उक्त समिक्षा गोष्ठीमा माननीय पूर्व सभासद श्री रोसन वहादुर गाहा,जिल्लाका विभिन्न राजनैतिक दलका प्रमुखहरु, जिल्ला विकास समिति,विषयगत कार्यालयका प्रमुखहरु, गाउ विकास समितिका सचिवहरु, गैरसरकारी संस्थाका प्रमुख एवं पंतिनिधिहरु, नागरिक समाजका प्रतिनिधि, पत्रकार एवं संचारकर्मीहरुका साथै संलग्न अनसुची वमाजिमको उपस्थिति रहेको थियो ।

## आसन ग्रहणको कार्यक्रमः

कार्यक्रमको शुरुमा आसन ग्रहणको कार्यक्रम राखिएको थियो । जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीवाट अध्यक्षता ग्रहण पश्चात प्रमुख अतिथिका रुपमा माननीय सभासद श्री विक्रम खनाल,विषेश अतिथि पूर्व माननीय सभासद श्री रोसन गाहा ज्यूलाई आसन ग्रहण गराइयो सो पश्चात अतिथिको रुपमा जिल्लाका राजनैतिक दलका प्रमुखहरु विषयगत कार्यालयका प्रमुखहरु संघ संस्थका प्रतिनिधिहरु पत्रकार नागरिक समाज आदिको आसन ग्रहण कार्यक्रम भयो ।

## प्रस्तुतीकरण शत्रः मिति ०७१/४/२७

प्रस्तुतीकरण शत्रको शरुमा स्थानीय विकास अधिकारीवाट प्रस्तुतीकरण गर्दा समयलाइ ध्यान दिनुपर्ने, समय १० मिनेटको रहेको, प्रस्तुती Issue Based हुनुपर्ने जस्ता कुराको पुनरावृत्ति गराउनुभएको थियो । प्रस्तुतीकरण जिल्लाका सवै गाउ विकास समितिका सचिवहरुको तर्फवाट भएकोमा......................गाविसको प्रस्तुतीकरण भएको थिएन ।

गाविसको प्रस्तुतीकरणको सन्दर्भमा उठेका सवाल, जिज्ञासा र  प्रमुख सुझावहरु

- ODF घोषणाको सन्दर्भमा दिइएको सौचालय अनुदान समानतामा आधारीत नभई समतामा आधारित हुनुपर्ने ।
- ODF घोषणाको सन्दर्भमा व्यक्तिगत मात्रै नभएर सार्वजनिक शौचालय निर्माण तथा यसको प्रयोग साथै खानेपानीको व्यवस्थापन तर्फ पनि ध्यान दिने ।
- गाविसलाई पूर्ण साक्षर घोषणा गर्दा उक्त गाविसलाई ल्याप्चे सहीछाप गर्नेहरु कति छन् सोको नजरअन्दाज गर्दा घोषणा घोषणाकौ लागी जस्तो देखिएको हुदा सोको विश्लेषण हुनुपर्ने र त्यसको सामाधानको लागी  थप प्रयास पनि केही गर्नुपर्ने ।
- अनौपचारिक शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने ।
- गाविसको वजेट तर्जुमा गर्दा लक्षित वर्गको वजेट प्रति संवेदनशिल भई सम्वन्धित वर्गकै हितमा खर्च गर्नुपर्ने,वजेट कार्यान्वयनको सन्दर्भमा सर्वपक्षिय अनुगमनमा ध्यान दिनुपर्ने ।
- गाविस स्तरमा काम गर्ने सरोकारवाला निकायहरुविच प्रभावकारी समन्वय हुनुपर्ने ।

- दक्षिणी सिमावर्ति गाविसहरुमा खुला दिशा मुक्त अभियान सफल वनाउनु चुनैतिपूर्ण रहेको हुदा जिल्ला स्तरवाट थप सहयोग हुनुपर्ने ।

## प्रस्तुतीकरण शत्रः मिति ०७१/४/२८

१. विजय विकास स्रोतकेन्द्र, गैडाकोट
२. नेपाल परिवार नियोजन संघ
३. सहमति, गेडाकोट
४. हिकोडेफ, कावासोति
५. इन्द्रणी सामाजिक विकास मंच, पंचनगर
६. रिम्स नेपाल
७. अगयौली सामुदायिक पुस्तकालय
८. लुम्विनी प्लस
९. महिला कानुन विकास मञ्चा
१०. ग्रामिण शसक्तिकरण समाज, तनहु
११. इसाई समाज
१२. सुआहारा

प्रस्तुतीकरणको सन्दर्भमा उठेका सवाल, जिज्ञासा र  प्रमुख सुझावहरु

- कार्यक्रम सञ्चालनमा दोहोरोपना देखिएकोले सोको सामाधान गरिनुपर्ने समन्वयलाई थप प्रभावकारी वनाउनुपर्ने ।
- HIV / AIDS क्षेत्रमा काम गर्ने सरोकारवालाहरुले स्थानीय निकाय संग प्रभावकारी समन्वय कायम गर्न नसकेको, वजेटको अंक ठूलो भएको , कार्यक्रमको प्रभावकारीता कमजोर देखीएको छ ।
- महिला, दलित, जनजाती लगायतका समाजका सिमान्तकृत समुदायको जनताको कानुनमा पंहुच स्थापना गर्न स्थापित महिला, कानुन तथा विकास मञ्च जस्ता संस्था सम्वन्धित वर्ग सम्म पूग्न नसक्दा लक्षित वर्गले फाइदा पाउन नसकेको हुदा न्याय नपाएकाहरुको समेत खोजी गरी सरोकारवाला निकायले सेवा दिन पहल गर्नुपर्ने ।
- गैर सरकारी संस्थाहरुको कार्यक्षेत्र पहाड र मधेश दुवै क्षेत्रका गरिव तथा पिछडिएका समुदाय केन्द्रित हुनुपर्‍यो, कार्यक्रम कार्यान्वयन्यनमा क्षेत्रिय रुपमा पूर्वाग्रही हुनु भएन ।
- गैर सरकारी संस्थाहरुले कार्यक्रम सञ्चालन गर्दा विषयगत कार्यालयहरु संग संस्थागत रुपमा प्रभावकारी समन्वय गर्नुपर्‍यो ।
- संस्थाहरुले गर्ने विकास क्रियाकलापले फरक क्षमता भएकालाई पनि फाइदा पुर्‍याउने तर्फ ध्यान दिनुपर्‍यो, भौतिक पूर्वाधारहरु अपांग मैत्री वनाउनुपर्‍यो ।
- जिल्लाका वोटे, मुसहर, माझी लगायतका सिमान्तीकृत वर्गमा काम गर्ने सम्वन्धीत संस्थाहरुले ति वर्गका क्षमता विकास तथा रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने ।
- इसाई समाज जस्ता धार्मिक सम्प्रदाय संग सम्वन्धित संस्थाहरुको क्रियाकलापवाट धर्म परिवर्तन तथा धार्मिक शहिष्णुतामा असर पर्ने क्रियाकलापहरु गर्न नहुने ।

१. जिल्ला कृषि विकास कार्यालय
२. जिल्ला पशुसेवा कार्यालय
३. जिल्ला वन कार्यालय
४. डिभिजन सहकारी कार्यालय

५. जिल्ला भुसंरुक्षण कार्यालय
६. घरेलु तथा साना उद्योग कार्यालय
७. जिल्ला शिक्षा कार्यालय
८. जिल्ला स्वास्थ्य कार्यालय
९. महिला तथा वालवालिका  कार्यालय
१०. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, चितवन
११. सडक डिभिजन कार्यालय, वुटवल
१२. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,
१३. जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय डिभिजन नं. ५, भैरहवा
१४. पश्चिमांचल सिंचाइ विकास डिभिजन नं. ७, सेमरी
१५. टी. सी. एन कार्यालय, वर्दघाट
१६. जिल्ला प्रविधिक कार्यालय
१७. जिल्ला विकास समितिको कार्यालय
१८ .नापी कार्यालय
१९. जिल्ला वाल कल्याण समिति
२०. जनताको तटवन्धन

प्रस्ततीकरणका क्रममा सम्वन्धित कार्यालयको प्रस्तुतीको समाप्ती पश्चात सो कार्यालयका कार्यक्रम तथा प्रगतीका विषयमा विभिन्न राजनैतिक दलका प्रतिनिधि तथा अन्य सहभागीहरुवाट जिज्ञासा गरिएको थियो । विभिन्न विषयगत कार्यालयहरु तथा गैससको प्रस्तुतीमा उठेका सवाल एवं जिज्ञासा तथा सुझावहरुको समष्टी यस प्रकार रहेको छ ।

## १. जिल्ला कृषि विकास कार्यालयः

- साना सिंचाइको गुरुयोजना वनाउन पहल गर्नु पर्ने, यस कार्यक्रममा पम्पिंग सेट वितरण गर्ने आधार वनाउनुपर्ने
- वजार सुदृढीकरणमा ध्यान दिनुपर्ने, कृषिमा यूवालाई आकर्षण गर्नुपर्ने, कृषि विमालाई थप प्रचार गर्नुपर्ने, सेवालाई सवै क्षेत्र, तह सम्म पुर्‍याउनुपर्ने, जैविक खेतीलाई प्रोत्साहान दिनुपर्ने ।

## २. जिल्ला पशुसेवा कार्यालय

- पशु डाक्टरको पहुचलाइ वृद्धि गर्न तर्फ लाग्नुपर्ने
- औषधपिसलहरुको अनगमनलाइ प्रभावकारी वनाउनु पर्ने
- वर्डप्लूको सचेतना कार्यक्रम ग्रामिण स्तर सम्म पुरुयाउनु पर्ने

## ३. जिल्ला वन कार्यालय

- अनधिकृत वन फडानी नियन्त्रण गर्न ध्यान नपुगेको, वैज्ञानिक वन व्यवस्थापन र Biogas निर्माणमा ध्यान दिनुपर्ने ।
- वन अतिक्रमण  गरी वस्ति वसायउने कार्यलाइ नियन्त्रण गर्नुपर्ने
- आगलागि नियन्त्रणका लागि सचेतना कायृक्रम लाइ वढाउनु पर्ने
- दक्षिणका जनताको वनमा पहुच वृद्धि गर्नुपर्ने
- सामुदायिक वनको नियमित अनगमन भएकोमा आगामी समयमा निरन्तरता दिनुपर्ने ।

- चुरे संरक्षणमा कार्यालय सम्वेदनशिल भएकोमा राम्रो भएको साथै यसको दिगो व्यवस्थापनमा समन्वयात्मक प्रयास जरुरी ।

## ४. डिभिजन सहाकारी कार्यालय

- अरुको नामवाट लेखा परिक्षण गर्ने प्रवृत्तिलाइ नियन्त्रण गर्नुपर्ने
- सहकारी अनुगमन वढाउननुपर्ने
- सहकारीहरुको जनशक्तिको क्षमता विकासको कार्यक्रम ल्याउन पर्ने
- एउटा व्यक्ति एक मात्र संस्थामा आवद्ध हुनुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने ।

## ५. जिल्ला भुसंरक्षण कार्यालय

- भुसंरक्षणका दृष्टीले संवेदनशील स्थानमा कार्यक्रम जानु पर्ने
- योजना तर्जुमा गर्दा गाविस स्तरको मागलाइ वढी ध्यान दिनुपर्ने
- कार्यक्रम कार्यान्वयनमा जल उत्पन्न प्रकोप डिभिजन कार्यालय संग समन्वय गर्नुपर्ने ।

## ६. घरेलु तथा साना उद्योग कार्यालय

- समावेशीकरणलाइ ध्यान दिनुपर्ने
- अनुगमनलाइ वढाउनु पर्ने
- प्रशिक्षकको योग्यता र क्षमतालाइ ध्यान दिनु पर्ने

## ७. जिल्ला शिक्षा कार्यालय

- शिक्षक कोटा वितरण, भवन वितरण तथा टात्रवृत्ति वितरण जस्ता कार्यक्रम पारदर्शी हुनु पर्ने
- विद्यालय तथा मदर्शा व्यवस्थापन समितिको क्षमता वढाउनु पर्ने

## ८. जिल्ला स्वास्थ्य कार्यालय

- डाक्टरको दरवन्दी वढाउन पहल गर्नु पर्ने
- पहाडी गाविसमा स्वास्थ्य सेवाको पहुच वढाउन ध्यान दिनु पर्ने
- पाठेघरको समस्या समाधानका कार्यक्रम प्रभावकारी रुपमा वढाउनु पर्ने
- स्वासथ्य  चौकी तथा उप स्वास्थ्य चौकीको सेवाको प्रभावकारिता अनुगमन गर्नु पर्ने

## १०. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, चितवन

- जिल्लामा संचालन हुने योजनाहरुमा दाहोरापन हन सक्ने भएकोले जिविसको योजना तर्जुमा प्रक्रियामा आउनु पर्ने ।
- कार्यान्वयनको क्रममा पनि जिविस र सम्वन्धित कार्यालय संग समन्वय गर्नुपर्ने ।

## ११. सडक डिभिजन कार्यालय वुटवल

- जिविस संगको समन्वय प्रभावकारी वनाउनु पर्ने ।
- योजनाहरुमा दाहोरापना देखिएकोले ध्यान दिनु पर्ने एकै ठाउमा धेरै संस्थाको योजना पर्दा कुन काम कस्को भनी छुटाउन गाह्रो भएको ।
- ममृत संभारको काम राम्रो हुनु पर्ने ।

- पारदर्शितालाइ ध्यान दिनु पर्ने ।

## समापन सत्रः

प्रस्तुतीकरण सत्रको समाप्ती पछि समपन पछि कार्यक्रम समापन शत्रमा प्रवेश गरेको थियो । समयलाइ मध्यनजर राख्दै समापन सत्रलाइ छोटो रुपमा सम्पन्न गर्ने सहमति अनुसार संचालन भयो । सो सत्रमा आफ्नो मनतव्य राख्दै प्रमुख अथिती माननीय सभासद् श्री सिन्धु जलेसाले कार्यक्रम सफल र सकारात्मक रहेको,सवै निकायको काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अनुगमन गर्नु पर्ने भएकोले आगामी वर्षलाई अनुगमन वर्षको रुपमा मनाउनुपर्ने वताउनुभयो । साथै अन्त्यमा वहाले यस पटकका कमजोरीलाइ आगामी दिनमा सच्चाउन समिक्षाको निचोडले मार्ग प्रशस्त गरोस भन्ने सुभेच्छा समेत पकट गर्नु भएको थियो । सोहि क्रममा पत्रकार महासंघका अध्यक्षवाट समन्वयलाइ प्रभावकारी वनाउनुपर्ने, गैससले काम गर्दा मिडियालाई पनि प्रयोग गर्नुपर्ने विकास निर्माणमा सवैको सामुहिक प्रयास जरुरी रहेको लगानीमा दोहोरापना हटाउनु पर्ने, जिविसले एकिकृत सूचना प्रणलीका प्रभावकारी कार्यान्वयन गर्नु पर्ने लगायतका सुझाव दिइएको थियो । मन्तव्य कै क्रममा नेकपा माओवादीका प्रेम ढकाल,तमलोपाका जिल्ला उपाध्याक्ष हैदर अलि मोमिन लगायतका दलका प्रतिनिधिहरुले समेत यस वर्षका कमी कमजारीलाइ सच्याउदै अगाडी वढेमा जिल्लालााइ नमुना वनाउन सकिने विचार राख्दै जिल्ला विकास एकिकृत रुपमा लाग्नु भएकोमा सम्पूर्ण सरोकारवालहरु प्रति धन्यवाद् ज्ञापन गर्नु भएको थियो । समापन मन्तव्य राख्दै स्थानीय विकास अधिकारी श्री रामुराज कडरियाले राजनैतिक दल तथा माननीय सभासदज्यूहरुवाट समिक्षा गोष्ठिमा मात्र नभएर निरन्तर मार्गदर्शन प्राप्त हुने साथै समिक्षामा सरोकारवालाहरु सवै वाट दिइएका पृष्ठपोषणहरु आगामी दिनमा नीति तर्जुमा र कार्यायान्वयनमा मार्गदर्शन हुने अपेक्षाका साथ उपस्थित प्रमुख अथिती, विशेष अथिती लगायत अन्य सवै कार्यालय प्रमुख ,नागरिक समाज, नीजि क्षेत्र, सरकारी कर्मचारी तथा  कार्यक्रममा सहयोग पुर्‍याउनै उपस्थित सम्पूर्णमा धन्यवाद् दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।